annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक १२२ पृष्ठ ८ | काठमाडौं, शुक्रबार १४ भदौ २०८१ | भाद्र कृष्णपक्ष द्वादशी नेपाल संवत् ११४४ | FRIDAY, AUGUST 30, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिवस

## कहाँ छन् ३,१९७ नागरिक ?

सत्य निरुपण तथा मेलमिलाप आयोगमा ३ हजार १ सय ९७ जना बेपत्ताको उजुरी दर्ता भएको छ। आयोग दुई वर्षदेखि पदाधिकारीविहीन हुँदा उजुरीमाथि अनुसन्धान एवं छानबिन हुन सकेको छैन।

दिनेश गौतम | काठमाडौं
यादव आचार्य | बर्दिया
राजेन्द्र कार्की | जाजरकोट
विस्नप्रसाद न्यौपाने | सुर्खेत
प्रदीपचन्द्र राई | भोजपुर
– को रिपोर्ट

समाचार पृष्ठ २




## सबै नागरिकलाई स्वास्थ्य बिमाको पहुँच जरुरी



सुवास घिमिरे

इजलास

नेपाल सरकारले सबै नागरिकको स्वास्थ्यमा सहज पहुँच पुऱ्याउने उद्देश्यले सामाजिक सुरक्षाअन्तर्गत २०७२ सालदेखि स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिरहेको छ। नागरिकको स्वास्थ्य उपचारमा लाग्ने खर्च अर्थात् आर्थिक जोखिम न्यूनीकरण गर्न सरकारले देशभर स्वास्थ्य बिमा कार्यक्रम लागू गरेको छ। लुम्बिनी प्रदेशको पहाडी जिल्ला गुल्मीमा २०७६ सालदेखि स्वास्थ्य बिमा लागू गरिएको छ।

बिमामार्फत स्वास्थ्य सेवा लिँदा केही झन्झटिलो प्रक्रिया भएको कतिपय बिमितबाट गुनासो आउने गर्छन्। स्वास्थ्य बिमामा देखिएका समस्या समाधानमा नेपाल सरकार र स्वास्थ्य बिमा बोर्ड लागेको छ। यस जिल्लामा पछिल्लो समय बिमितको संख्या बर्सेनि बढ्दो छ। २०७८ सालको जनगणनाअनुसार जिल्लाको जनसंख्या २ लाख ४६ हजार ८ सय ३६ रुपैयाँ छ। हालसम्म १ लाख १३ हजार ८ सय ५५ जनाले स्वास्थ्य बिमा गरेका छन्। करिब ५४ प्रतिशत नागरिक बिमाको पहुँचबाट बाहिर छन्।

सरकारले लिएको अपेक्षाअनुरूप नागरिकलाई बिमामा जोड्न सकेको अवस्था छैन। नागरिकलाई स्वास्थ्य बिमामा जोडेर सहज पहुँच दिलाउन समुदायस्तरमा पुगेर बिमाका फाइदा र यसको महत्वबारे जनचेतना फैलाउनु आवश्यक छ। औपचारिक क्षेत्रका सबैको अनिवार्य बिमा गर्ने, स्वास्थ्य बिमामा स्थायी दरबन्दी संरचना स्वीकृत गर्ने, सेवा प्रदायक स्वास्थ्य संस्थामा अनुगमन तथा निरीक्षण, बिमा बोर्डले स्वीकृत गरेका औषधि नागरिकलाई पर्याप्त उपलब्ध गराउने विषयमा सरकारको ध्यान पुग्नु जरुरी छ।

सरकारले ज्येष्ठ नागरिक, एचआईभी संक्रमित, कुष्ठरोगी र जटिल खालको क्षयरोगीको निःशुल्क स्वास्थ्य बिमा गरिदिने गरेको छ। तर, कतिपय नागरिक गरिब, विपन्न, आर्थिक अवस्था कमजोर भएका कारण बिमाबाट बञ्चित छन्। स्वास्थ्य बिमामा व्यक्ति, समुदाय र सरकारको प्रत्यक्ष सहभागिता रहने भएकाले पनि यसलाई अनिवार्य बनाउन सरकार लाग्नुपर्ने देखिन्छ।

*(घिमिरे स्वास्थ्य बिमा बोर्ड गुल्मीका जिल्ला संयोजक हुन्।)*

## गृह सुधारेका अर्याल प्रशासनिक नेतृत्वमा

मन्त्रिपरिषद्को निर्णय

अन्नपूर्ण | *काठमाडौं*

काठमाडौं (अन्नपूर्ण) : एकनारायण अर्याल यस्तो नाम हो, जसले गृह मन्त्रालयमा सहसचिव हुँदा गृह प्रशासन सुधार, योजना निर्माण र त्यसको कार्यान्वयनमा महत्वपूर्ण योगदान गरेका थिए। अर्को खुड्किलो चढेर सचिव भई संयोगवश गृह नै सम्हालेको क्षणमा सरकारले उनलाई मुख्य सचिव बनाएको छ।

बिहीबारको मन्त्रिपरिषद् बैठकले आर्याललाई मुख्यसचिव बनाउने निर्णय गरेको हो। मुख्यसचिव लीलादेवी गड्तौला उमेर हदका कारण भदौ १५ (शनिबार) बाट अनिवार्य अवकाशमा जाँदैछिन्। त्यसअघि नै सरकारले नयाँ मुख्य सचिव तय गरेको हो। सरकारले गत साउन १० गते गड्तौलालाई मुख्यसचिवमा नियुक्त गरेको थियो।

अर्याल हाल गृहसचिवका रूपमा कार्यरत छन्। उनी २०४६ माघ ४ गते नायब सुब्बाबाट निजामती सेवामा प्रवेश गरेका थिए। २०५१ फागुन ४ गते शाखा अधिकृत नियुक्त भएका अर्याल २०५८ माघ ६ गते उपसचिव भएका थिए। त्यसपछि २०६७ फागुन १९ गते सहसचिव र २०७६ फागुन १८ गते सचिवमा नियुक्त भएका थिए। अहिलेसम्म



उनले निजामती सेवामा ३४ वर्ष ७ महिना ९ दिन बिताइसकेका छन्।

अर्याल यसअघि मकवानपुर, काठमाडौं र तनहुँको प्रमुख जिल्ला अधिकारी भइसकेका छन्। अर्याल २८ औं मुख्यसचिव हुन्। नेपालको प्रशासनिक इतिहासमा २०१२ सालमा चन्द्रबहादुर थापा पहिलो मुख्यसचिव भएका थिए। अर्यालसहित डा. तोयनारायण ज्ञवाली, दिनेश भट्टराई, रामकृष्ण सुवेदीलगायत पनि मुख्य सचिवको दाबेदार थिए।

### किस्ता सुविधासहित एनसेल नवीकरण

Ncell

काठमाडौं (अन्नपूर्ण) : बुझाउनुपर्ने २० अर्ब रुपैयाँ ४ किस्तामा तिर्न पाउने सुविधा दिँदै सरकारले एनसेलको लाइसेन्स नवीकरण गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को बिहीबारको बैठकले निजी दूरसञ्चार प्रदायक एनसेलको पहिलो किस्ता तिरेपछि नवीकरण गर्ने निर्णय लिएको हो।

सरकारका प्रवक्ता एवं सञ्चार, सूचना तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङका अनुसार पछिल्ला किस्ताका हकमा १० प्रतिशत ब्याजसमेत लाग्ने छ।

